आज मिति २०७४ माघ २६ गते, शुक्रवारका दिन बिहान ठिक ८.०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा २५ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

| | | | पदाधिकारी |
|---|---|---|---|
| हस्ताक्षर | | | |
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. | नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - | सदस्य |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - | सदस्य |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | श्री सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु :

१) काठमाडौं उपत्यका खानेपानी लिमिटेडको शेयर सम्बन्धमा ।

२) सामाजिक परिचालक

३) विविध

१) काठमाडौं उपत्यका खानेपानी लिमिटेडको मिति २०७४/१०/१४ गतेको पत्र मार्फत काठमाडौं उपत्यका भित्र काठमाडौं महानगरपालिकाको लागी सुरक्षित ३०,००० कित्ता शेयर हालका १६ नगरपालिकालाई वरावर भाग लगाउदा प्रत्येक नगरपालिकाको भागमा परेको १८७५ कित्ता शेयर बापतको रकम रु१,८७,५००/- ( अक्षरमा एक लाख सत्तासी हजार पाचँ सय रुपैया) एन. आई. सी. एशिया बैक लिमिटेड, नयाँ सडक काठमाडौं, खाता नं ३०४१०९१९५०५२४००१ मा जम्मा गर्ने ।

२) सामाजिक परिचालक सम्बन्धमा वडामा आवश्यक भएमा सम्बन्धित वडाको सिफारिसमा असार मसान्त सम्म निरन्तरता दिने । कर्मचारी बिनियमावली निर्माण भए पछि सोही बमोजिम हुने र हाललाई मिति २०७४/०९/१६ गते देखी लागु हुने गरी मासिक रु१२,५००/- पारिश्रमिक र साविकको भत्ता रु३५००/- गरी जम्मा रकम रु१६,०००/- उपलब्ध गराउने ।

३) विविध बिषयमा छलफल गर्दा :

क) महिला बालबालिका कार्यक्रमको लागी नगर उपप्रमुखको संयोजकत्वमा गठीत समितिले पेश गरे बमोजिमको कार्यक्रमको लागी रु५०,००,०००/- (अक्षेरुपी पचास लाख रुपैया मात्र) रकम छुट्टाउने ।

ख) कानुनी सल्लाहकारको लागी फागुन १ गते देखी लागू हुने गरी मासिक रु१०,०००/- पारिश्रमिक तोकी दिने । हप्ताको २ दिन अनिबार्य रुपमा न्यायिक समितिको काममा सहयोग गर्नको लागी नगरपालिकामा उपस्थित हुने व्यवस्था मिलाउने ।

ग) नगरकप फुटबल प्रतियोगिताको लागी नगरपालिकाको तर्फबाट रु.१,००,०००/- (अक्षेरुपी एक लाख रुपैया मात्र ) दिने ।

घ) वडा नं ६ फुलचोक दोबाटो देखी सामुदायिक भवन सम्म ढुंगा सोलिङबाट सोही बाटोको नाममा ढुगां सोलिङ नगरी बाटो ढलान गर्ने ।

ङ) वडा नं ९ टल्कु काली देवी आभारभूत बिद्यालयको प्रङगणमा ब्लक सोलिङको रु.१,००,०००/- ब्लक सोलिङको सट्टा ट्रस बाहिरको खाली भागमा खाना ख्वाउने स्थान बनाउने ।

च) वडा नं ६ कोटाल टोलमा रहेको गोर गणेश मन्दिर छाना निर्माणको रु.१,००,०००/- छाना निर्माणको सट्टा गोर गणेश मन्दिर निर्माण गर्ने ।

छ) वडा नं ३ नारायण खोला (महत कुलो) मर्मतको सट्टा शेषनारायण पिपल पाखा मर्मत गर्ने ।